# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भीमफेदी गाउँपालिका, मकवानपुर

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७७

मिति: २०७७/३/२५

श्री भीमफेदी गाउँपालिका,
मकवनपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।०७७
च.नं ८४६

श्री प्रमूखज्यू,
भीमफेदी गाउँपालिका,
मकवानपुर ।

मितिः २०७७।३।२५

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले भीमफेदी गाउँपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ६४ लाख ५९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.४२ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५९ लाख २१ हजार र पेश्की रु.६० लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।९।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २० (बीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# भिमफेदी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी भीमफेदी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । गाउँपालिका अर्न्तगत ९ वडा रहेको ४८ सभा सदस्य २४५.२७ वर्ग कि.मी. क्षेत्रफल, करिब २४ हजार ५०० जनसंख्या र वागमती प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क.सं | विवरण | आय | कुल आय | क.सं | विवरण | खर्च |
|---|---|---|---|---|---|---|
| १. | **अ.ल्या** | | ४८,२२७,९१२.०० | १. | **अनुदान** | |
| | संचित कोष | ४८,२२७,९१२.०० | | | वित्तिय समानिकरण | ८९,३००,०००.०० |
| | | | | | संघीय सशर्त | १२३,९०८,६९३.८३ |
| | | | | | संघीय सशर्त बेरुजु खातामा दाखिला | १९,२००,३०६.१७ |
| २ | **अनुदान** | | ३३९,०२३,२६१.५८ | | प्रदेश समानिकरण | ७,६७०,०००.०० |
| | वित्तिय समानिकरण | ८९,३००,०००.०० | | | प्रदेश सशर्त खर्च | १७,६४२,७०८.१५ |
| | संघीय सशर्त | १४३,१०९,०००.०० | | | प्रदेश सशर्त फिर्ता (सशर्त) | १०,१८२,२९१.८५ |
| | प्रदेश समानिकरण | ७,६७०,०००.०० | | | संघीय राजश्व बाडफाँड | ५५,८१६,७३९.५८ |
| | प्रदेश सशर्त | २७,८२५,०००.०० | | | प्रदेश राजश्व बाडफाँड | १५,३०२,५२२.०० |
| | प्रदेश सशर्त एम्बुलेन्स खरिद | | | | | |
| | संघीय राजश्व बाडफाँड | ५५,८१६,७३९.५८ | | २ | **झोलुङ्गेपुल क्षेत्रगत विकास कार्यक्रम तर्फ** | |
| | प्रदेश राजश्व बाडफाँड | १५,३०२,५२२.०० | | | फिर्ता | १,२००,०००.०० |
| ३. | **झोलुङ्गेपुल क्षेत्रगत विकास कार्यक्रम तर्फ** | | १,२००,०००.०० | ३. | **स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ** | |
| | पुजिगत | १,२००,०००.०० | | | पुजिगत | ५,४७३,०००.०० |
| ४. | **स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ** | | ५,४७३,०००.०० | ४. | **प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम तर्फ** | |
| | पुजिगत | ५,४७३,०००.०० | | | चालु | ३०५,०००.०० |
| ५. | **प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम तर्फ** | | ३०५,०००.०० | ५. | **प्रधानमन्त्री रोजगार कार्यकमतर्फ** | |
| | चालु | ३०५,०००.०० | | | चालु | ३९,२८१.६२ |
| | | | | | बेरुजु खातामा दाखिला | - |
| ६. | **प्रधानमन्त्री रोजगार कार्यकम तर्फ** | | ३९,२८१.६२ | ६. | **समाजिक सुरक्षा तर्फ** | |
| | चालु | ३९,२८१.६२ | | | निकासा खर्च | २९,८३१,०००.०० |
| ७. | **समाजिक सुरक्षा तर्फ** | | २९,८३१,०००.०० | ७. | **आन्तरिक आम्दानी** | |
| | निकासा | २९,८३१,०००.०० | | | दहत्तर बहत्तर बापतको राजश्व प्रदेश संचित खाता दाखिला | १०,७९३,८३१.०० |
| | | | | | दहत्तर बहत्तर बापतको राजश्व जि.स.स खाता दाखिला | ९०,४०१.०० |
| ८. | **गरिब संग विशेश्वर कार्यकम** | | ३९४,०००.०० | | मु.अ.कर.दाखिला | २,३५०,४१६.०० |
| | चालु | ३९४,०००.०० | | | अन्य आम्दानी | १२,९३८,५३१.१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | **आन्तरिक आम्दानी** | | ३४,७१२,१६०.९८ | | | |
| | दहत्तर बहत्तर बापतको राजश्व | | | ८. | **धरौटी खाता** | |
| | सेवा शुल्क, दस्तुर | २६,१७३,१७९.१८ | | | धरौटी फिर्ता | |
| | अन्य आम्दानी | ८,५३८,९८१.८० | | | | |
| १०. | **धरौटी खाता** | | ४४८,२०१.४८ | ९. | **नगद मौज्दात** | |
| | धरौटी प्राप्त | ४४८,२०१.४८ | | | संचित कोष खाता | ५७,०१५,८९३.८० |
| | | | | | धरौटी खाता | ४४८,२०१.४८ |
| ११. | **प्रदेश छात्रवृत्ति** | | २४९,०००.०० | | | |
| | छात्रवृत्ति | २४९,०००.०० | | १०. | **गरिब संग बिशेश्वर कार्यक्रम** | |
| | | | | | चालु | ३९४,०००.०० |
| | **जम्मा :** | | ४५९,९०२,८१७.६६ | | **जम्मा :** | ४५९,९०२,८१७.६६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **फिर्ता दाखिला :** गाउँपालिकाले २०७५।७६ मा निकासा मध्ये बाँकी रहेको प्रदेश सशर्तको रु.१०१८२२९१८५।- मिति २०७६।४।२९ मा र संघीय सशर्तको रु.२०४९२४३१।१७ मिति २०७६।५।३ मा फिर्ता दाखिला प्रमाण पेश भएको छ ।<br>लेखापरीक्षणको क्रममा बढी भुक्तानी भएको रु १८४१२।०० बेरुजु दाखिला भएको छ । | |
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यस्तै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका वमोजिम स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा आषाढ १० मा पेश गरि आषाढ २५ भित्र स्वीकृती हुनुपर्ने उल्लेख छ । सभावाट मिति २०७५।३।२५ मा रु.४५१३१४९१२।०० बजेट स्वीकृत गरेको छ । प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएन । कानुनी व्यवस्था अनुसार अख्तियारी दिइने व्यवस्था गर्नुपर्दछ । | |
| २. | **बजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था बमोजिम गाउँपालिकाको सभा मिति २०७५ आषाढ २५ गते बसी बजेट, नीति तथा कार्यक्रम पारित गरेको देखिन्छ । | |
| ३. | **श्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो भए गरेको देखिएन । | |
| ४. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाबाट माग र आवश्यकताको आधारमा योजनाहरूको छनौट तथा कार्यान्वयन भएको पाइयो । सो अनुरुप कार्यक्रमहरूको प्राथमिकीकरण तथा तादाम्यता मिलाउनुपर्दछ । | |
| ५. | **वैक मौज्दात हिसाव :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गाउँकार्यपालिकाको वैक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको वैक मौज्दात ११३८८७९०७५१ देखिन्छ । सो मध्ये निकासा फिर्ता हुन वाँकी रु ३०६७४७२३।०२ र चेक साट्न वाँकी रकम रु.४८४७७५६६।४१ घटाउदाको मौज्दात रु ३४७३५६१८।०८ हुनुपर्दछ । गाउँपालिकाले श्रेस्तामा रु.५७०१५८९३।०० देखाएकोछ । सो रकममा २०७४।७५ मा घटी जिम्मेवारी सारेको रु.२५९६५२४।२४, राजश्व बाडफाड खाताबाट आम्दानी नजनाएको रु १०३१६७७०।७२ र स्रोत नखुलेको आम्दानी रु ६३६६९७८।९६ समेत बैंक बाँकी रु ५७०१५८९३।०० भएको बैंक हिसाब विवरण प्रतिक्रिया साथ पेश भएको छ । | |

| | | |
|---|---|---|
| ६. | **मुल्य अभिवृद्धि कर कट्टी नभएको :** मुल्य अभिवृद्धि कर नियमावली, २०५३, को २१ औं शंसोधनले ठेक्का सम्झौता वा करार भुक्तानीमा ५० प्रतिशत मु.अ.कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार, आन्तरिक राजश्व विभाग को च.न.१२७ मिति २०७६।२।२७ र म.ले.नि.का को च.न. ४१८ मिति २०७६।२।३० को परीपत्र अनुसार मु.अ.कर ऐन २०५३ को दफा ६ ग मा करार वा सम्झौता वमोजिमको वस्तु तथा सेवाको मु.अ.कर भुक्तानीमा ६.५ प्रतिशत मु.अ.कर कट्टी गरी सम्वन्धीत कार्यालयको राजश्व शिर्षकमा दाखीला गर्नुपर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिले पेश गरेका बिलहरू भुक्तानी गर्दा भूक्तानीमा ६.५ प्रतिशत उपभोक्ता समितिको भुक्तानीमा ६.५ प्रतिशत मु.अ.कर कट्टी गरेको पाइएन । | |
| ७. | **घटी जिम्मेवारी** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु ६०७८३१४०।३६ मध्ये  रु ४८२२७९१२।०० मात्र जिम्मेवारी सारेको देखिएकोले जिम्मेवारी सार्न बाँकी देखिएको रु १२५५५२२८।३६ के कति कारण घटी जिम्मेवारी सारेको हो स्पष्ट नखुलाएको घटी देखिएको रकम जिम्मेवारी सारी आम्दानी गर्नुपर्ने रु १२५५५२२८।३६ सम्बन्धमा प्रतिकृया साथ २०७५ आषाढ मसान्तसम्मको मौज्दात रु ७८६१८१६२।३६ चेक साट्न बाँकी विवरण रु २७७९३७२५।३३ भई रु ५०८२४४३७।२५ अ.ल्या. गर्नुपर्ने विवरण पेश भएकाले घटी अ.ल्या. रु २५९६५२४।२४ आर्थिक बर्ष २०७५।०७६ मा मौज्दात समावेश गरी हिसाब मिलान गरेको देखिन्छ । | |
| ८. | **लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा पालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाले महालेखापरीक्षकबाट स्वकृति वमोजिमको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| ९. | **राजश्व अभिलेख :** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश ३ आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ (भ) मा वित्तिय विवरण सम्वन्धी व्यवस्था छ । यस पालिकाले यस बर्ष रु ३४३१८१६०।९८ राजश्व आन्तरिक आम्दानी भएको भनि देखाएकोमा राजश्व आम्दानीको, बैंक दाखिला भौचरका आधारमा म.ले.प. फा.नं. १०८ राजश्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प. फा.नं. २३ को राजश्व आम्दानी बैंक नगदी किताब लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br><br>पालिकाले करदाता वा सेवाग्राहिबाट प्राप्त हुन आएको राजश्वको सम्बन्धित आय शीर्षक खातामा प्रविष्ट गरी स्रेस्ता राख्नु पर्नेमा गाउँपालिकाका  वडा कार्यालयहरूले उठाएको राजश्व दैनिक आम्दानी अभिलेख नगदी रसिद अनुसार राखी सोको वैक भौचरको आधारमा दाखिला गोश्वरा भौचर उठाई लेखा राखेको पाइएन । आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| | क) **नदीजन्य पदार्थ बिक्री** : गाउँपालिकाले यस बर्ष नदीजन्य पदार्थ विक्रीबाट रु.२०४३०५३५।- (मु.अ.कर समेत) आय गरेको देखिन्छ । उक्त रकम २ वटा फर्मबाट रु ३३१९३९७।०० र अमानतबाट रु १७१११९३८।०० असुल गरेको देखाएको छ । असुली रकम २०७६।२।३० तोकिए बमोजिम बाँडफाड गरी सम्बन्धित खातामा दाखिला गरेको देखिन्छ । नदीजन्य पदाथ विक्री वितरण सम्झौता अनुसार तोकिए बमोजिमको परिमाण भन्दा बढी संकलन विक्री वितरण भए नभएको प्रगति विवरण लिने र अनुगमन गरेको प्रतिवेदन पेश भएन । यसबाट तोकिए भन्दा बढी संकलन विक्री वितरण भए नभएको एकिन हुन सकेन । | |

| | | |
|---|---|---|
| | ख) कार्यालय प्रमुखले प्रत्येक राजस्व उठ्न छुट भए नभएको र राजस्व लेखा तथा दाखिलाको निरीषण गरी राजस्व हिनामिना भए नभएको र राजस्वको लेखा रहे नरहेको एकिन गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १५ मा रहेको छ । कार्यालयले यो बर्ष आमानतबाट रु.१७११११३८।- राजस्व असुली भएको सम्बन्धमा कार्यालय प्रमुखबाट प्रत्येक महिना राजस्व असुली र दाखिलाको सम्बन्धमा निरीक्षण गरी रकम दाखिला भए नभएको एकिन गरेको पाइएन । | |
| | ग) नदीजन्य पदार्थ २ वटा फर्मको नामबाट आय देखाएको भए पनि कार्यालयले संकलक मार्फत रकम असुली गरेको देखिएको छ । यसबाट यो बर्ष नदीजन्य आय सम्पूर्ण रकम अमानतबाट नै असुली भएको देखिन्छ । | |
| १०. | **नगदी रसिद :** गाउँपालिकाले वडामा गएका नगदी रसिद तथा मालपोत रसिद वमोजिम नगद प्राप्त भयो भएन अभिलेख समेत वनाएको छैन । पालिकाले आर्थिक विवरणमा देखाएको स्थनीय संचित कोषमा जम्मा भएको आन्तरिक आम्दानी कुन वडावाट जम्मा भयो के कति रसिदवाट सो रकम जम्मा भएको थियो सो को अभिलेख विना नै वैकमा जम्मा भएको आधारमा मात्र आन्तरिक राजश्व हिसाव देखाएको छ । अतः पालिकाको छपाई भएका रसिद, रसिद अनुसारको राजश्व संकलन तथा सोको अभिलेख समेत सवै वडाको एकिन गरी वास्तविक राजश्व हिसाव देखाउनु पर्दछ । | |
| ११. | **विभाज्य कोष :** प्रदेश आर्थिक ऐन, २०७५ मा मनोरञ्जन, विज्ञापन, रोयल्टीको बाँडफाड तोकिए बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले यस बर्षको बाँडफाड गर्नुपर्ने आम्दानी रु २०४३०५३५।०० मध्ये मु.अ.कर र अग्रिम आयकर रु २६०१४५९।२८ र जिल्ला समन्वय समितिमा रु ९५३८८।०० प्र.ले.नि.का. रु ७५९२८६२।०० पठाएको देखिन्छ । आम्दानी मध्ये अमर कन्ट्क्सनलाई रु १०१७००।०० काम नभएकोले फिर्ता गरेको देखिन्छ । | |
| १२. | **राजश्व परामर्श समिति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजश्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजश्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरू तोकिएको छ । राजश्व परामर्श समितिको बैठक ३ पटकसम्म बसेतापनि राजश्वका दर तोक्ने बाहेक अन्य कार्य गरेको नदेखिएकोले कानुनी व्यवस्था अनुसारका कार्यमा समिति सक्रिय हुनुपर्दछ । | |

१३. **अबण्डा रकम**: गाउँपालिकाले पुंजीगत खर्चको आ.व. ०७५।०७६ को बजेट मा बाँडफाड नगरी रु १९५८५ हजार बजेट अवण्डा राखि पटके निर्णयले खर्च गरेको देखिन्छ । गाउँपालिकाले बजेट बाडफाँडमा कार्यक्रम नै उल्लेख गरी बजेट छुट्याउनु पर्नेमा यसरी अवण्डा रकम राखी तजविजि रुपमा निर्णय गरी खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो प्रकृयामा सुधार हुनपर्दछ ।

| कार्यक्रमको नाम | रकम (रु हजारमा) |
|---|---|
| विविध पूर्वाधार | ९८९१ |
| अन्य पूँजीगत कार्यक्रम | २१४४ |
| विविध खर्च | २८०० |
| संस्थागत क्षमता विकास | ७०० |
| संचार क्षेत्र विकास | ७०० |
| युवा लक्षित तरकारी खेती | १३५० |
| टोल विकास संस्था गठन तथा परिचालन | १००० |
| भैपरी आउने चालु | १००० |
| **जम्मा** | **१९५८५** |

१४. **कार्यक्रम परिवर्तन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरूको सिफारीसमा गाउँकार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।

(रु हजारमा)

| सि.नं. | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | चालू तर्फ विभिन्न ४ कार्यक्रमहरु | ३३० | विभिन्न ३ कार्यक्रमहरु | ३३० |
| २ | पूजीगत तर्फ विभिन्न १९ कार्यक्रमहरु | ४४५० | विभिन्न १६ कार्यक्रमहरु | ४४५० |
| ३ | विविध पूर्वाधार | ९८९१ | विभिन्न ९ वटा योजनाहरु | ५७२५ |

१५. **लक्ष्य तथा प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित कुल ३१७ योजनाहरू मध्ये १ लाख भन्दा कममा ३२ योजना १-५ लाख सम्मका २४० योजना, ५-१० लाख सम्मका ३५ योजना र १०-५ लाख सम्मका १० र ५० लाखभन्दा माथी ३ योजना सञ्चालन भएकोमा ३ वटा योजना क्रमागत र ३ वटा योजनामा शुन्य प्रगती रहेको पाइयो । गाउँपालिकाबाट संचालित योजनाको प्रगति विवरण तयार गरेको पाइएन । लक्ष्य अनुसार प्रगति हुन नसक्दा योजना समयमा नै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन हुनु पर्दछ ।

१६. **आन्तरीक नियन्त्रण प्रणाली :** प्रदेश ३ को आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरू देहाय बमोजिम उल्लेख छ ।

- प्रत्येक कर्मचारीको पदको कार्य विवरण वनाई लागू नगरेको ,
- उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको ,

- जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको,
- कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको ,
- योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको ,
- रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा उपभोक्ता समितिले पेश गरेका बिल भरपाई पूर्ण रुपमा कार्यान्वयन नभएको,
- भ्रमण अभिलेख खाता नराखेको ,
- भ्रमण प्रतिवेदन र अनुगमन भएकोमा प्रतिवेदन व्यवस्थापन नगरेको ,
- कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,
- प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरूमा स्वीकृत मितिहरू उल्लेख गर्ने नगरेको,
- जिन्सी खाता प्रमाणित नगरेको र विषयगत शाखा वडाहरुको समेत एकिकृत जिन्सी किताव तयार नगरेको ,
- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८ वमोजिम खरिद योजना वनाइ खरिद भएको छैन,
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ (३) वमोजिम इकाई स्थापना गरेको छैन,
- सवै सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक रहेको छैन ,
- अग्रिम आयका र मु.अ.कर कट्टी रकम तोकिएको सममा दाखिला नगरी एकमुष्ठ दाखिला गरेको र प्यान नम्बर खुलाई पार्टीको नाममा दाखिला नगरेको,

आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

१७. **सेवा प्रवाह :** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार २०७५।७६ मा गाउँपालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| **सि.नं.** | **विवरण** | **सेवा प्राप्तीका लागि निवेदन संख्या** |
|---|---|---|
| १ | विवाह दर्ता | ४४० |
| २ | जन्म दर्ता | ८०८ |
| ३ | मृत्यु दता | २५५ |
| ४ | बसाईसराई (आएको) | २५ |
| ५ | बसाईसराई (गएको) | ९९ |
| ६ | सम्वन्ध विच्छेद | ११ |
| ७ | नक्शपास | ० |
| **जम्मा** | | **१६३८** |

<table>
<tr><td>१८.</td><td>न्यायिक समिति : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था गरेको छ । गाउँपालिकामा गठन भएको न्यायिक समितिले वार्षिक रुपमा प्रवाह गरेको सेवाको विवरण निम्नानुसार रहेको छ ।<br><br>
<table>
<tr><th>अ.ल्या</th><th>यस वर्ष थप मुद्दा</th><th>जम्मा मुद्दा</th><th>फछ्यौट संख्या</th><th>वाह्य प्रेषित मुद्दा</th><th>बाँकी</th></tr>
<tr><td>१२८</td><td>४२</td><td>१७०</td><td>१५०</td><td>०</td><td>२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.</td><td>योजना र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले वित्तिय समानीकरण तर्फ विभिन्न ३१७ योजनाका लागि १० करोड ३९ लाख विनियोजन गरेकोमा कुल ३१७ योजनाहरू मध्ये १ लाख भन्दा कममा ३२ योजना १-५ लाख सम्मका २४० योजना, ५-१० लाख सम्मका ३५ योजना र १०-५ लाख सम्मका १० र ५० लाख भन्दा माथी ३ योजना सञ्चालन भएकोमा ३ वटा योजना क्रमागत र ३ वटा योजनामा शुन्य प्रगती रहेको पाइयो । गाउँपालिकाले साना तथा टुक्रे योजना धेरै सञ्चालन गरेको, मध्यम तथा दीर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेकोले सडकको संरचना तथा स्तरोन्नतीमा ध्यान दिएको पाईएन । पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>कर्मचारी व्यवस्था : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा सँगठन र दरवन्दी सम्वन्धी व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ४३ रहेपनि पदपूर्ति ७ रहेको देखियो । विभिन्न ३४ पद रिक्त रहेका छन । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । गाउँपालिकाले २१ कर्मचारी नियुक्ती गरी २२५२३१८।०० खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा सो विपरित करारमा नियुक्ति गर्नु नियम सम्मत् देखिएन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>प्रतिवेदन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ५ मा गाउँपालिका तथा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग मा पठाउनु पर्ने छ । यस पालिकाले ऐनमा उल्लेख गरे अनुसार आय व्ययको चौमासिक शिर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन ।</td><td></td></tr>
<tr><td>२२.</td><td>आन्तरिक लेखापरीक्षण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आ.ले.प शाखा गठन समेत गरेको छैन । आ.व २०७५।७६ को कारोवारको को.ले.नि.का.,बाट आन्तरीक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी बेरुजु फछ्र्यौट गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२३.</td><td>चौमासिक खर्च : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार वित्तिय समानीकरण पुंजिगत तर्फ प्रथम चौमासिकमा २० प्रतिशत, दोश्रो चौमासिकमा २७ प्रतिशत र तेश्रो चौमासिकमा ५३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा २८.०९ प्रतिशत खर्च भई तेस्रो चौमासिकमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वार्षिक कार्यक्रम अनुसार चौमासिकरुपमा बजेट खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च (रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | आषाढ महिना |
| १ | पुंजिगत | २०९७५७ | ४१९५१ | ५६६३५ | ११११७२ | ५८९२१ |
| | खर्च प्रतिशतमा | - | २० | २७ | ५३ | २८.०९ |

२४. **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । यसवाट गाउँपालिका योजना तर्जुमा तथा कार्यान्वयन कार्य प्रभावित भएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन र प्रोफाईल तयार गर्नुपर्दछ ।

२५. **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको कार्यक्रम लक्षीत समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्चगर्नु पर्दछ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था हुनुपर्नेमा गाउँपालिकाले लक्षित वर्गका लागि विनियोजन गरेको बजेटवाट पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा खर्च नगरी वितरणमुखि कार्यक्रममा खर्च गरेको पाईयो । लक्षित समुहको पूँजी निर्माण, क्षमता विकास जस्ता कार्यक्रममा खर्च गर्नुपर्नेमा वितरणमुखि गोष्ठी सभा जस्ता कार्यक्रम संञ्चालन भएकोले बजेट सिद्धान्त विपरित खर्च भएको छ । रकम खर्च गर्दा पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा मात्र खर्च गर्नु पर्दछ ।

| गो.भौ.नं. | भुक्तानी पाउने | कार्यक्रम | रकम |
|---|---|---|---|
| १५४ चालु | स्टेट भिजन प्रा.लि. | संचार प्रवर्द्धन | ९९000.00 |
| २५८ चालु | सहकारी संचालक कार्यशाला गोष्ठी | कार्याशाला गोष्ठी | ५0000.00 |
| ३५९ चालु | चिउरी बगैंचा कृषि | कुखुरा तथा बाख्रा पालन तालिम | १५0000.0 |
| ३५८ चालु | समाज सुधार तथा संरक्षण केन्द्र | क्रिष्टल गहना बनाउने तालिम | ५0000.00 |
| ३३२ चालु | क्रियटिभ युथ क्लब | सचेतना कार्यक्रम (लागू पदार्थ) | ७0000.00 |
| ३३० चालु | नेपाल मगर युवा संघ | हस्तकला सामाग्री निर्माण तालिम | १५0000.00 |
| ३६९ चालु | सिर्जनशिल महिला कृषक समूह | CAN र प्लाष्टिक वितरण | १00000.00 |
| ३६८ चालु | तामांग प्राज्ञ सभा | प्रजनन स्वास्थ्य सम्बन्धि कार्यशाला गोष्ठी | ५0000.00 |
| ३६७ चालु | प्रेरणा विकास तथा जागरण समिति | स्वरोजगार तथा सीपमूलक तालिम | २00000.0 |
| ४०४ चालु | महिला जागृति बचत तथा ऋण सहकारी संस्था | सिलाई मेशिन खरीद | ४६२000.00 |
| ४०३ चालु | महिला तथा आदिवासी जनजातिका लागि सशक्तिकरण | गहना बनाउने तालिम | ९0000.00 |
| ४०२ चालु | समृद्ध नेपालको लागि नयाँ पाइला | सचेतना कार्यक्रम | ५0000.0 |
| ४०८ चालु | सामुदायिक विकास संस्था | सचतेना कार्यक्रम | २९९000.00 |
| ४०५ चालु | महिला एकता बचत तथा ऋण सहकारी संस्था | सशक्तिकरण कार्यक्रम | ९0000.00 |
| | | **जम्मा** | **१९१0000.00** |

२६. **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले कुल आन्तरीक आय तर्फ आम्दानी गर्ने लक्ष्यनै नतोकेको र व्यक्तिगत

| | | |
|---|---|---|
| | स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरूको अनुगमन गरेको पाईएन । गाउँपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनुपर्दछ । | |
| २७. | **वक्यौता कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम पालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाउँमा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउन ताकेता समेत गरेको पाईएन यस क्षेत्रमा १८ वटा (घ) बर्गका निर्माण व्यवसायीको नविकरण बाहेक अन्य करदाताको अभिलेख अद्यावधिक गरेको पाइएन । | |
| २८. | **भ्रमणको उद्देश्य** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण खर्चको बिल भरपाई सहित भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भ्रमणको उद्देश्य नखुलाई भ्रमण खर्च लेख्ने गरेको देखिन्छ । यस्तो प्रकृयामा सुधार गरिनुपर्दछ । | |
| २९. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । आधारभूत तथ्यांकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ३०. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कल्याण कोषको स्थापना गरेको र बजेट व्यवस्था गरेको पाइएन । | |
| ३१. | **कोष व्यवस्थापनः** गाउँपालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित वनाउन विभिन्न कोषहरू स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभावाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ । पालिकाको वैठकले विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरू खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष संचालन कार्यविधी सभावाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधि तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ३२. | **आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । गाउँपालिकाले यो वर्ष सिफारिस मालपोत नक्सापास लगायतको स्रोतवाट रु.२६१७३१७९।- आन्तरिक आय प्रक्षेपणगरेको छ । प्रक्षेपण गरिएकोमध्ये रु.३४३१८१६०।- संकलन भएको देखिएको छ । गाउँपलिकाले आत्मनिर्भरता तर्फ उन्मुख हुन प्रयास गर्नुपर्ने देखिन्छ । | |
| ३३. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । पालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । गाउँपालिकाले नदी उत्खनन् कार्यको लागि IEE गरेतापनि सरसफाईको काममा गाउँपालिका कार्यक्षेत्रको सडक सफाइ, फोहोर संकल जस्ता वातावरण सुधारको गाउँपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउ वनाउन | |

| | | |
|---|---|---|
| | तर्फ ध्यान पुगेको देखिएन । अत गाउ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरू समेत संचालन गर्नुपर्दछ । | |
| ३४. | **सोफै खरिद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, तथा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा मोटरसाइकल खरीद रु ९२९८००।०० फर्निचर, मेशिनरी औजार लगायतमा पटक पटक रु ३१२८९४२।०० खरीद गरेको देखिन्छ । खरीद कार्य गर्दा नियमअनुसार दरभाउपत्र तथा वोलपत्र प्रक्रिया अपनाई गर्नुपर्दछ । | |
| ३५. | **खर्चको मापदण्ड नबनाएको :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धी व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा खर्चगर्ने अख्तीयारी र कार्यविधिको उल्लेख छ । पालिकाले बजेटको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले वर्षभरीमा खाजा, खाना तथा गाडी भाडामा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियनत्रण गर्न आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं | खर्चको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | विविध खर्च | २७९६२८२.०५ | खाजा खाना तथा वैठक तथा सभा खर्च |
| २ | गाडी भाडा | ६७००००.०० | गाडी भाडामा लिई खर्च गरेको रकम |
| ३ | ईन्धन | १४९९०३०.३७ | सवारी साधन |

| | | |
|---|---|---|
| ३६. | **विशेष भत्ता** ः नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट बर्षभरीमा ३ जना प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता रु २९८०००।०० खर्च लेखेको छ । तोकिएको पद अनुसार काम गरे बापत तलव भत्ता ,अनुगमन भत्ता ,भ्रमण खर्च सुविधा उपलब्ध गराएको अवस्थामा कानुनी आधार बेगर फिल्ड भत्ता दिने निर्णय खर्च गरेको नियमित नदेखिएको रु | २९८०००.०० |
| ३७. | **प्रोत्साहन भत्ता** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता गाउँपालिकाको मिति २०७६।८।२० को निर्णयले खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कर्मचारीहरू बिहान बेलुको समयमा समेत खटिई काम गरेको भनि मासिक खाइपाई आएको तलवमा आधारभूत तलबको १५ देखि २९% सम्म मासिक थप प्रोत्साहन भत्ता बापत १७३८६२०।०० भुक्तानी गरेको छ । कार्यविधि वेगरको प्रोत्साहन खर्च लेखेको नियमित नदेखिएको रु | १७३८६२०.०० |
| ३८. | **तलवी प्रतिबेदन** : निजामती सेवा ऐन २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुदैन । प्रतिवेदन पास नगरी तलब खुवाएको भएमा त्यसरी तलब खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम सरकारी बाकीसरह असुलउपर गरिनेछ भन्ने उल्लेख छ । गाउँपालिकाका र सो अन्तर्गतका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलव १०३१६२१९२।८२ खर्च लेखेको छ । तलवी | |

प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्ने व्यवस्था हुनपर्दछ ।

३९. **अन्य कार्यालयको खर्च :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरीका सम्वन्धी व्यवस्था छ । स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । कार्यालयले इन्धन बापत इलाका प्रहरी कार्यालय भीमफेदीलाई मासिक ३० लिटरका दरले बर्षभरी नै उपलब्ध गराएको नियमसम्मत देखिएन ।

४०. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनले व्यवस्था नगरेको अवस्थामा पालिकाले देहाय बमोजिम रु. **८२७२८०० -** सुविधा वापत भुक्तानी भएको छ । सो मध्ये बैठक भत्तामा मात्र खर्च गरेको रु ८५१९००.००

| सि. नं. | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य १७ जना | सभाका सदस्य ४७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | तलब सुविधा (मासिक) | ३०००० | २५००० | २०००० | ६००० | ६००० | ८७००० |
| २ | संचार सुविधा (मासिक दरमा) | २००० | १५०० | ८०० | ०० | ०० | ४३०० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | १५०० | १५०० | ५०० | ५०० | ०० | ४००० |
| ४ | खाजा भत्ता | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ५ | पुस्तक पत्रपत्रिका | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ६ | अनुगमन भत्ता | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ७ | खानेपानी, विजुली महसुल | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ८ | सरसफाई, मर्मत | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ९ | अतिथि सत्कार | ०० | ०० | ०० | ०० | ०० | ०० |
| १० | यातायात खर्च (इन्धन औषत) | ८००० | २५०० | १८०० | १००० | ०० | १३३०० |
| **मासिक जम्मा** | | | | | | | |
| **बार्षिक जम्मा** | | **४९८०००** | **३६६०००** | **२४९४८००** | **१५३००००** | **३३८४०००** | **८२७२८००** |

४१. **उपभोक्ता समिति :** पालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणबाट छनौट गरि परीक्षण गरिएका केहि कार्यको स्थिति निम्न अनुसार रहेको छ । उक्त कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :

(क) सार्बजनिक खरिद ऐन,२०६३ दफा (४४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउंदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यबिधि पुरा गरि त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने तथा सार्वजनिक खिरद नियमावली २०६४ को निमयम ९७(९)प्राविधिक रुपमा जटिल काम (मेसिन औजार प्रयोग गरि काम गर्नुपर्ने अबस्थाका काम गराउनु हुदैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समितिबाट गराएको काम मितव्ययि, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने निश्चित आधार नभएको तथा उपभोक्ताबाट काम हुन सक्ने अबस्था नभएको प्राविधिक रुपमा जटिल काम मेसिन औजार प्रयोग गर्ने गरी लागत अनुगमन तथा सम्झौता गरी उपभोक्ता समितिसँग गराएको मनासिव देखिदैन । प्रविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समिति बाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ । केही उदाहरण देहाय अनुसार छन्:

| उपभोक्ता समिति | कूल मूल्यांकन | खर्च रकम | कैफियत |
|---|---|---|---|
| पूर्वाधार विकास साझेदारी कार्यक्रम लेखपांगहांग पारीपाखा चिलाउने सडक | १२१२३०८.२८ | ९९५०००.०० | सिवास्टोन कन्ट्रक्सनको २२२ घण्टाको कर बिजक पेश |
| महाभिर भिमफेदी सकड | ४८७३०७२.०० | ४००००००.०० | के.डि.जि. कन्ट्रक्सनको कर |

| | | | |
|---|---|---|---|
| | | | बिजक पेश |
| थप बजेट  महाभिर भिमफेदी सकड | २४६३९१२.८६ | २०२४३००.०० | के.डि.जि. कन्ट्रक्सन । बाबा माइन्स एण्ड मिनरलको कर बिजक पेश |
| घोसिङ ढट्टाघारी मान्द्रे अघोर सडक | ४९५२६४८.५४ | ४००००००.०० | बज्र बाराही कन्सट्रक्सन र माता कालिका कन्सट्रक्सन कर बिजक पेश |
| बाघमारा बर्देउ रानी भन्ज्याङ सडक | ६०८६४१९.०० | | वि.आर.आर. कन्सट्रक्सन कर बिजक पेश |
| सपिङ भष्मे ज्यामिरे साघिकन मान्द्राङ सडक | ४८८८७४९.५२ | ३५६०८८२ (अन्तिम बिल) | के.ए. कन्सट्रक्सन कर बिजक पेश |

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।

४२. **भुक्तानीको सिफारिस :** उपभोक्ता समितिहरू मार्फत गरिएका कार्यहरूको भुक्तानी मा सम्वन्धित वडा अध्यक्षहरूको सिफारिस संलग्न गरेर भुक्तानी दिने गरेको देखियो । वडास्तरिय अनुगमन समिति सहित सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकांशमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएको भुक्तानीको लागी सिफारिसे सिफारिस गर्ने गरेको देखियो । उपभोक्ता समितिले कार्य पुष्टी हुने प्रमाण पेश नहुने केवल इष्टिमेट समावेश गरेको जनश्रमदान बापतको बराबर नै कार्य सम्पन्न भएको देखाइएको छ । यसबाट जनश्रमदान बापतको समितिहरूबाट भएको कार्यमा विश्वस्त हुन सकिएन ।

४३. **कन्टिन्जेन्सी खर्च:** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(७) सँग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ पालिकाले स्वीकृत बजेटको ३ प्रतिशत कन्टेन्जेन्सी रु.३५७७६४०।- मध्ये ३५१८८७९।- बापत कट्टी गरी भुक्तानी गरेको छ । यो बर्ष कट्टी भएको रकम मध्ये कन्टेन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको पाइएन ।

- यो बर्ष कट्टी भएको रकम मध्ये खर्च भै बचत रहेको रकम रु ५८७६१।०० संचित कोष जम्मा गरी आय देखाउनु पर्नेमा पुँजीगत खातामा नै मौज्दात रहेको देखिन्छ । विभिन्न २ मौज्दातको ४ थान Samsung Mobile खरीद गरी रु खर्च लेखेको देखिन्छ । उक्त सामान जिन्सी खातामा आम्दानी नभएको भए पनि व्यक्तिगत प्रयोजनका सामान खरीद गरी खर्च लेखेको नियमित नदेखिएको रु
- सहकारी संस्थाहरुको अनुगमन गरेको भनी २०७६।२।८ र  ९ गते २ दिन गाडी भाडा खर्च रु १७०००।०० लेखेको अनुगमन पश्चात प्रतिवेदन पेश गरेको पाइएन । खर्च पुष्टी हुने प्रतिवेदन पेश गरिनुपर्दछ ।

४४. प्रशासनिक कार्य गर्नको लागि चालु खर्च शिर्षकमा अलग्गै बजेट व्यवस्था भएकोमा निर्माणसँग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने कन्टिन्जेन्सीबाट सबै किसिमको उपभोग, संचालन तथा प्रशासनिक कार्यमा खर्च भएको देखिएकोले नियमित बजेट विनियोजन हुने प्रशासनिक कार्यमा योजनाको लागतमा समाबेश हुने गरी कन्टिन्जेन्सीबाट रकम खर्च गर्नु कानुन सम्मत देखिएन । उक्त कार्य म.ले.नि.का.को खर्च संकेत बर्गिकरण र व्याख्या बिपरीत समेत देखियो ।

४५. **अनुदान रकमको उपयोग :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकामा नियमानुसारको विद्यालयहरूलाई एकमुष्ठ रुपमा शिक्षालाई छुट्याइएको बजेट मध्ये निम्नानुसार विद्यालयलाई अनुदान निकासा

दिएको छ । सो अनुदान रकमको विल र खर्च पुष्टी गर्ने आधार संलग्न छैन । अनुदान रकमको अनुगमन एव उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरिनु पर्दछ ।

| सि.नं | गो.भौ.नं. र मिति | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| १ | ४५।०७५।१०।२१ | विभिन्न ४९ वटा विद्यालय | १०७०५००.०० |
| २ | विभिन्न | विद्यालय संचालन व्यवस्थापन | २०३००००.०० |
| ३ | विभिन्न | शिक्षण सिकाई | ६५००००.०० |
| ४ | विभिन्न | छात्रवृत्ति | १३५००००.०० |

४६. **सहकारी संस्था मार्फत कार्यक्रम संचालन :** गाउँपालिकाले निम्नानुसारका सहकारी संस्थामार्फत कार्यक्रम संचालन गरी सहकारी संस्थालाई भुक्तानी दिएको छ । निश्चित समूहलाई लक्षित गरी संचालन हुने नाफामूलक संस्थालाई कार्यक्रम गर्न दिनु नियमित नदेखिएको रु ६०२०००.००

| सि.नं. | सहकारी संस्थाको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | महिला एकता बचत तथा ऋण सहकारी संस्था लि. | सशक्तिकरण | ९००००.०० |
| २ | महिला जागृति बचत तथा ऋण सहकारी संस्था लि. | सिलाई मेशिन खरीद | ४६२०००.०० |
| ३ | सहकारी संचालक | गोष्ठी | ५००००.०० |
| | | **जम्मा** | **६०२०००.००** |

क) नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा महिला अभियान बचत तथा ऋण सहकारी संस्थाको भवन निर्माणमा रु ५ लाख र सुपिंग बहुउद्देश्यीय सहकारी संस्थालाई फिल्ड क्यान खरीदमा ४ लाख कार्यक्रममा खर्च भएको देखिन्छ । नाफामूलक संस्थालाई सहयोग गर्ने कार्यक्रममा नियन्त्रण गरिनुपर्दछ ।

४७. **गैर सरकारी संस्था बाट कार्य:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ (१) मा २५ हजार रुपैया भन्दा बढीको कुनै पनि प्रकारको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने, तथा सोही ऐन को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिश्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने ,सोही ऐन को दफा ४६ मा जनचेतना सम्बन्धि तालिम, अभिमुखिकरण, सवलिकरण, मुलप्रवाहीकरण जस्ता कार्य ग्रैह सरकारी संस्थाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्यी हुने भएमा तोकिएको प्रक्रिया पुरा गरी गर्न सकिने व्यवस्था छ । कार्यालयले ग्रैह सरकारी संस्था बाट काम गराउदा ऐन नियमका उल्लेखित व्यहोरा विपरित लागत अनुमान तयार नगरेको, ग्रैह सरकारी संस्थाबाट काम गराउदा छिटो छरितो,प्रभावकारी र मितव्ययी आधार प्रमाण सहित मुल्याङ्कन नगरेको, रु.२००००।- भन्दा माथिको काम गराउदा मुल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति फर्म वा संस्थाबाट काम गराउनु पर्नेमा मु.अ.करमा दर्ता नभएको निम्नानुसारका संस्थाबाट कार्य गराई ५९९०००।- भुक्तानी गरेको छ । यस्तो कार्य नियम विपरित देखिएको रु ५९९०००.००

| सि.नं. | गो.भौ.नं. | नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १. | ४०८ | सामुदायिक विकास संस्था हेटौंडा | सचेतना कार्यक्रम | २९९०००.०० |
| २. | ४०२ | समृद्ध नेपालको लागि नयाँ पाइला | सचेतना कार्यक्रम | ५००००.०० |
| ३. | २६७ | प्रेरणा विकास तथा जागरण समिति | सचेतना कार्यक्रम | २०००००.०० |
| ४. | ३५८ | समाज सुधार तथा संरक्षण केन्द्र | तालिम | ५००००.०० |
| | जम्मा: | | | ५९९०००.०० |

४८. **पाइप खरीद :** कोगटे इपा वृहत्त सिंचाई योजनाको लागि यो बर्ष रु ६० लाख बजेट स्वीकृत भएको देखिन्छ । पाइप खरीद कार्यको रु ५९९८२००।१२ लागत अनुमान तयार गरी २०७६।२।१५ मा प्रक्षेपण दैनिकमा सूचना प्रकाशन गरेको देखिन्छ । घटी कबुल गर्ने नारायणी माइको पाइप उद्योग प्रा.लि. कलैयाको रु.५९२०३५८।१५ (१.३० प्रतिशत घटी) बोलपपत्र स्वीकृत भई २०७६।३।२५ मा सम्झौता भई २०७६।३।३१ मा भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

१. बोलपत्रको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित नगरी प्रक्षेपण दैनिक पत्रिकामा

प्रकाशन गरेको देखिन्छ । उक्त पत्रिकाको वितरण व्यवस्था सिमित भई सूचना पहुँच सिमित हुने गरी सूचना प्रकाशन गरेको पाइयो ।

२. लागत अनुमान तयार गर्दा जिल्ला दर रेट अनुसार प्रति केजी रु २५० ले गरेको देखिन्छ । त्यस्तै ढुवानी बापत १४३४०६।७० व्यवस्था गरेको देखिन्छ । ढुवानी बापतको रकम राखेको स्पष्ट देखिएन ।

३. खरीद भएका पाइपहरु खर्च भएर जाने जिन्सी खातामा आम्दानी गरेको भए पनि वडा अध्यक्षको रोहबरमा रहने गरी प्राप्त भएको वडा कार्यालयको पत्र संलग्न गरेको छ । कूल १६३७ मीटर २०० एम एम १० केजीको पाइप कहाँ कसको जिम्मामा रहेको छ एकिन हुन सकेन । जिन्सी खाता प्रमाणित नभएको लेखापरीक्षण अवधि २०७६।९।९ सम्म पनि उक्त पाइप पाइप प्रयोग भएको नापी मूल्यांकन भएको छैन । यसबाट आर्थिक बर्षको अन्त्यमा पाइप खरीद भएको रकमको सही उपयोग भएको मान्न सकिएन । खरीद भएका पाइप वडा नं. ८ को वडा अध्यक्षको रोहबरमा रहने गरी प्राप्त भएको जनाएको छ । पाइप प्रयोग भएको नापी किताब र मूल्यांकन पेश हुनुपर्ने रु. ५९२०३५८.१५

४९. सार्वजनिक खरीद नियमावलीको नियम ४८ मा २० लाख देखि २ करोड सम्मको लागि बोलपत्र दस्तुर रु ३०००।०० हुनुपर्नेमा बोलपत्र दस्तुर रु.२०००।०० कायम गरेको पाइयो ।

५०. पहिलो मकवानपुर जर्नालिजम अवार्ड २०७५ कार्यक्रमको लागि क्रियसन मिडिया हाउस प्रा.लि.लाई रु ५००००।०० भुक्तानी गरेको देखिन्छ । पर्यटन प्रवर्द्धनमा मिडियाको भूमिका सेमिनार पनि हुने भनिए पनि संलग्न बिल भरपाईबाट अन्य खर्च भएको र व्यवसायिक कार्यक्रमको लागि रकम खर्च लेख्ने प्रकृयामा नियन्त्रण गरिनु पर्दछ ।

५१. गाउँपालिकाले बाबा गिफ्ट हाउसको २०७६।३।२६ को बिल संलग्न गरी ल्यापटप ३ थान र विद्युतीय हाजिर मेशिन ८ थान को रु ४८२२७४।०० खर्च लेखेको छ । उक्त फर्म बिजुलीका सामान र किचन सामाग्रीको कारोबार प्रयोजनका लागि मात्र दर्ता भएको र दर्ता भएको अवस्था देखि नै मूल्य अभिवृद्धि कर विवरण समेत दाखिला नगरेको देखिएको छ । खरीद पूर्व नै स्पेशिफिकेशन तयार नगरेको, असम्बन्धित पार्टीसँग खरीद गरेको र मूल्य अभिवृद्धि कर विवरण दर्ता भएको प्रमाण समेत नलिई खरीद गरेकोले कारोबार नियमसंगत देखिएन । बाबा गिफ्ट हाउसबाट मु.अ.कर बापतको रकम असुली गरी संचित कोष दाखिला हुनुपर्ने रु ५५५५१.००

५२. **सडकको मापदण्ड र स्तर:** विभिन्न सडकहरूमा उपभोक्ता समितिले कार्य गरी भुक्तानीको लागि पेश गरेकोमा कुनैमा स्लाव ढलान गर्ने कतै स्तरोन्नती भनी अधिकांशले जाली भर्ने, सडक खन्ने सम्याउने कार्य गरेको देखिन्छ । गाउँपालिकाले निर्माण गर्ने सडकमा के कस्तो किसिमको सडकमा कस्तो कार्य गर्ने मापदण्ड नहुँदा उपाभोक्ता समितिले आफू खुशी कार्य गर्ने भएकोले सडकको चौडाइ र स्तर सम्बन्धमा मापदण्ड तोकी कार्य गर्नु पर्ने देखिन्छ । सिमित स्रोत साधनको परिचालन दीगो र छिटो प्रतिफल प्राप्त हुने कार्यमा खर्च गर्न प्रोत्साहित गरिनुपर्दछ । न्यून बजेट भएको र कार्य भएको कामको विवरण केही उदाहरणहरू देहाय अनुसार छन्:

| सि.नं. | विवरण | बजेट | भएको कार्य |
|---|---|---|---|
| १ | दन्दु भन्ज्याङ्ग बतासे कृषि सडक | ४ लाख | ५५ मिटर स्लाब ढलान |
| २ | दम्की सुपिङ सडक | २० लाख | १६३ मिटर स्लाब ढलान ३ स्थानमा |
| ३ | भिरभारी दुम्सी डाँडा कृषि सडक | २ लाख | १८ वटा जाली भर्ने काम |
| ४ | घोर्सिंग तल्लो टोल ग्रामिण सडक | ३ लाख | एक्साभेटरबाट बाटो निर्माण |
| ५ | सुपारेटार बुद्धटोल सडक | १२ लाख | १०६ मिटर स्लाब ढलान |
| ६ | अम्लीग केराबारी पर्यटकीय सडक पार्क निर्माण | २ लाख | २० वटा जाली भर्ने काम |

५३. **फिल्ड निरीक्षण:** भीमफेदी उपल्लो सुपिङ बृहत्त खानेपानी योजनाको २०७६।९।६ गते पदाधिकारी र प्राविधिक समेतको टोलीबाट फिल्ड निरीषण गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

| | | |
|---|---|---|
| | क) योजनाको लागि गाउँपालिकाबाट ३० लाख बजेट स्वीकृत भई २०७५।१०।२३ मा सम्झौता तथा कार्यादेश भएकोमा रु.३२४६७३७६२ को नापी मूल्यांकन भई रु.२९९७३५०।- खर्च लेखेको देखिन्छ। कार्य सम्पन्न प्रतिवेदन अनुसार एचडीपीइ पाइप २०, २५ र ३२ एमएमको ३०१.२ केजीको ८५०८९।०० खन्ने पुर्ने र जडान गर्ने कार्यको रु २९४६५१।९७ र फेन्सीङ कार्य मेनहोल कभर लगायतको काम ६२०००।०० लगायतको काम नभएको देखिन्छ । काम सम्पन्न नभै भुक्तानी भएको रकम नियम संगत नदेखिएकोले निर्माणाधिन आयोजना भएकोले यस सम्बन्धमा छानबिन गरी कार्य गराउनुपर्ने सम्बन्धमा लेखापरीक्षणबाट औल्याए पछि कार्य गराएको प्रतिवेदन पेश भएको छ । | |
| | ख) सोही योजनाको लागि संघीय सरकार हस्तान्तरित कार्यक्रमबाट समेत रु.३४८३०००।- बजेट प्राप्त भई रु.३७८१३९०।७८ को लागत अनुमान तयार गरी २०७६।२।१९ मा कार्यादेश भई २०७६।३।३१ मा कार्य सम्पन्न भएको भनी रु.३७८५५९२।९५ नापी मूल्याङ्कन गरी रु.३४८३०००।- खर्च लेखेको छ। | |
| | ग) सुपिङ भष्मे वृहत खानेपानी योजनाको टंकी निर्माणमा रु २४७३८४१।३० खर्च भएको देखिन्छ । उक्त संरचना बनेको जग्गा उपभोक्ता समितिको नाममा नआएको कारण विद्युत मिटर प्राप्त हुन बाँकी देखिन्छ । जग्गाको स्वामित्व उपभोक्ता समितिको नाममा कायम गरिनु पर्दछ । | |
| | १. जग खन्ने कार्यको लागि मेनुअली खन्ने रु ११७२१९।०० लागत अनुमान गरेको, क्लिरियन्स बापत लमसम ४५ हजार र फिटिङ्ग टुल बापत लमसम ६५१५२२।५५ राखेको देखिन्छ । लागत अनुमान तयार गर्दा सडक निर्माण बापतको समेत भुक्तानी भएको र फिटिन्स टुलको परिमाण नखुलाउनाले खर्च वास्तविक हुने देखिएन । | |
| | २. ४० एम एम को ७५६ केजी पाइप १६०० मीटर खरीद, खन्ने पुर्ने र जडान गर्ने कार्य बापत रु ३०२४३४।- २.५ एच.पि. सम्बर सिवल पम्प, प्यानल लगायत सामाग्री जडान नभएको रु.४०६५२४।- लगायत कार्य सम्पन्न नभएको पाइयो । काम सम्पन्न नभै भुक्तानी गर्नु तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नाले खर्च वास्तविक देखिएन । यस सम्बन्धमा छानबिन गरी के कति काम हुन बाँकी भएको हो र भुक्तानी भैसकेको हो एकिन गरी कार्य सम्पन्न गर्नुपर्ने सम्बन्धमा लेखापरीक्षणबाट औल्याएपछि सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ । | |
| | उपरोक्त अनुसार दोस्रो पटकको सम्झौता प्राविधिक किसिमले समेत जटील विद्युत लाइन, ट्रान्सफर कर लगायतको कम १ महिनामा कार्य सम्पन्न देखाएका देखिन्छ। यसबाट काम गर्न लाग्ने समय समेत स्टीमेटमा खुलाउनु पर्ने देखिन्छ। कार्य सम्पन्न नभै भुक्तानी गर्ने प्रकृया उचित देखिएन । | |
| ५४. | **कार्यक्रम संचालन नभएको :** गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि यस बर्ष रु २५०५०००।०० बजेट व्यवस्था भएकोमा रोजगारदाता संयोजकको तलब खर्च रु ३९२८१।६२ बाहेक अन्य तोकिएको कार्यक्रमहरु संचालन गरेको छैन । निर्देशिका बमोजिम तोकिएका कार्यक्रम संचालन भई बजेट उपयोगी क्षमता बढाउनु पर्दछ।<br>साथै झोलुंगे पूल कार्यक्रम तर्फ यस बर्ष रु २४ लाख बजेट विनियोजन भएकोमा कुनै पनि कार्यक्रम संचालन भएको पाइएन । | |
| ५५. | **सामाजिक सुरक्षा भत्ता वितरणः** सामाजिक सुरक्षा अनुदान बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्: | |
| ५५.१ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरि परिचयपत्र प्राप्तिका लागि अनुसुचीहरूमा तोकिएको ढाँचामा फारमहरू गाऊँपालीकाले निशुल्क | |

<table>
<tr><td></td><td>उपलब्ध गराउने, साबिकमा परिचयपत्र लिएका व्यक्तिहरूको नवीकरण गर्नुपर्ने, परिचयपत्र बितरण नगरी भत्ता बितरण गर्न नहुने जस्ता बिषयहरू उल्लेख गरिएको छ । भत्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरि भत्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित बर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रबाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षित बर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शीघ्र परिचयपत्र बितरण गरी आर्थिक अनुसाशन कायम गराउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५५.२</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालीका र गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णय सहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>५५.३</td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरूको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता नमूना छनौट भएका वडाको परीक्षणको लागि पेश गरेकोमा सम्पूर्ण व्यहोरो खुल्ने गरी व्यवस्थित नगरेको र केहीको नामनामेसी समेत छुट भएको र वित्तीय सूचना प्रणाली (MIS) मा नामनामेसी राखेको देखिएन । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५५.४</td><td>बैंक मार्फत भत्ता वितरण : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरूको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण/खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.५</td><td>सामाजिक सुरक्षा भत्ता गाउँपालिकाले निम्नानुसारको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीले बुझिलिएको भरपाई नभएको तर खर्च लेखेको निम्नानुसारको रकम रु असुल हुनुपर्ने रु
<table>
<tr><th>सामाजिक सुरक्षाको प्रकार</th><th>वडा नं.</th><th>लाभग्राहीको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>ज्येष्ठ नागरिक -अन्य)</td><td>७</td><td>गगन ब.पिठाकोटे</td><td>८०००</td><td></td></tr>
<tr><td>ज्येष्ठ नागरिक -अन्य)</td><td>७</td><td>मन कुमारी घलान</td><td>८०००</td><td></td></tr>
<tr><td>ज्येष्ठ नागरिक -अन्य)</td><td>७</td><td>सुनमाया मुक्तान</td><td>८०००</td><td></td></tr>
<tr><td>विधुवा (७० बर्ष भन्दा माथि)</td><td>७</td><td>भगवती चुनी</td><td>८०००</td><td></td></tr>
<tr><td>विधुवा भत्ता</td><td>७</td><td>विजमाया ठाडा मगर</td><td>४०००</td><td></td></tr>
<tr><td>विधुवा भत्ता</td><td>७</td><td>साइली माया चुनी मगर</td><td>४०००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४००००</td><td></td></tr>
</table></td><td>४००००.००</td></tr>
</table>

| | | |
|---|---|---|
| ५५.६ | वडा नं. ६ को पुरुषोत्त उप्रेतीको रु १२१२०००।०० पेश्की फछ्र्यौट गर्दा बैंक फिर्ता ३०४००।०० गर्नुपर्नेमा रु २२४००।०० मात्र फिर्ता गरेको देखिएकोले नपुग रु ८०००।०० असुल गरी राजश्व दाखिला हुनुपर्ने रु | ८०००.०० |
| ५५.७ | १०४।२०७६।३।३१ सामाजिक सुरक्ष भत्ता बापतको रकम नवराज अधिकारी बाट फिर्ता भएको रु ६०००।०० स्थानीय संचित कोष दाखिला गरेको पाइयो । सशर्त निकासा रकम संघीय संचित कोष तर्फ दाखिला गर्नु पर्ने देखिएकोले यस्तो रकम एकिनगरी संघीय बेरुजु खातामा दाखिला गर्नु पर्ने रु | ६०००.०० |
| | **स्वास्थ्यतर्फ** | |
| ५६. | **औषधिको लोगो परीक्षण :** कार्यालयले खरिद गरेका औषधिहरूमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले खरीद तथा हस्तान्तरण भइ आएका औषधीहरुमा लोगो लगाएको सम्बन्धमा परिक्षण गर्दा निम्नानुसार रहेको पाइयो । यसतर्फ कार्यालयको ध्यान जानु जरुरी छ । | |

| सि.नं. | औषधिहरूको नाम | म्याद नाघे ननाघेको | निशुल्क वितरण लोगो |
|---|---|---|---|
| १ | Paracetamol 500 mg | July, 2022 | भएको |
| २ | Metronidazole Tab 400 mg | May 2021 | भएको |
| ३ | Amoxycillin | Nov. 2020 | भएको |
| ४ | Ciprofloxacin Tab 500 mg | July, 2021 | भएको |
| ५ | Ferrous Sulphate | Feb, 2021 | नभएको |
| ६ | Magnesium Sulphate | Jan, 2021 | नभएको |
| ७ | Antazol | Feb, 202 | नभएको |
| ८ | Albendazole | Shrawan, 2078 | भएको |

| | | |
|---|---|---|
| ५७. | **निरीक्षण र स्वीकृती :** गाउँपालिकाले आपूर्ति गरिएका मालसामान संझौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्नेव्यवस्था छ । खरिद भएका औषधी तथा सर्जिकल सामानहरू स्टोर दाखिला गर्न पूर्व संझौता वमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ । | |
| | **पशुसेवातर्फ** | |
| ५८. | **अनुगमन** : गाई भैंसी अनुदान, बोका वितरण, बँगुर, कुखुरा जस्ता कार्यक्रमको लागि अनुदान वितरण जस्ता कार्य सञ्चालन गरी रु.२३१५०००।०० खर्च लेखेको छ । यस प्रकारका अनुदानहरू विगत लामो समय देखि दिइदै आएको छ । यसरी वर्षै पिच्छे दिइने अनुदान रकम कति प्रभावकारी भयो, कति सफल भएन त्यसको अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्ने गरेको छैन । चालु वर्ष अनुदान दिएका व्यक्ति, समुहले अघिल्ला वर्षहरूमा अनुदान पाएका थिएनन् भन्ने आधार समेत पेश नभएकोले आगामी वर्षहरूमा अनुदान वितरण गर्दा दोहोरो नपर्ला भनी आश्वस्त हुन सकिएन । तसर्थ कार्यालयले वितरण गरेको अनुदानको प्रभाव मुल्यांकन नियमित रुपमा गरी प्रतिवेदन गर्नु पर्दछ । दोहोरो नहुनको लागि साल बसाली अभिलेख अद्यावधिक गर्नु पर्दछ । | |
| ५९. | **चालु तर्फ सहकारी संस्थालाई भ्रमण खर्च :** गो.भौ.नं.४५०/०७६/३/३० बाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा संचालन सम्बन्धि व्यवस्था छ । गाउँपालिकाले महिला जागृति बचत तथा ऋण सहकारी संस्था लि. लाई क्षमता विकासको कार्यक्रम अन्तर्गत कार्यक्रम राखी अवलोकन भ्रमण खर्चमा रु ११६९००।०० भुक्तानी गरेको छ । छुट्टै अस्तित्व भएका निश्चित समूह भित्रका नाफामूलक संस्थालाई अवलोकन भ्रमण खर्चको | |

| | | |
|---|---|---|
| | रकम भुक्तानी गरेको मनाविस नदेखिएको रु | ११६९००.०० |
| ६०. | गो.भौ.नं.४९९।०७६।३।३१ गाउँपालिकाले स्वास्थ्य संस्थाहरूबाट मासिक रुपमा प्रगति प्रतिवेदनहरू पेश गर्न मासिक बैठक कार्यक्रम बापत रु ६२२६५।०० विभिन्न १८ कर्मचारीहरूको लागि भुक्तानी गरेको छ । सो बैठक कार्यक्रम कुन समयमा बसेको हो खुल्दैन र गाउँपालिकाले आ.व. ०७५।०७६ को बार्षिक एकीकृत रुपमा रकमगत र परिणामगत खुलेको प्रगति विवरण लेखापरीक्षणलाई पेश हुन आएन । | |
| | **शिक्षातर्फ** | |
| ६१. | **अभिलेख** : गाउंपालिकाले शिक्षक शिक्षिकाहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी, दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । विद्यालयलाई बढी तथा दोहोरो तलव निकासा भएको छैन भनी आश्वस्त हुन सक्ने अवस्था देखिएन । गाउंपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा अभिलेख राख्नुपर्ने देखिन्छ । | |
| ६२. | **बढी निकासाः** गाउँपालिका अन्तर्गत रहेको विद्यालयहरुमा शिक्षकहरुको प्रथम चौमासिक तलब भत्ता निकासा गर्दा देहायका विद्यालयहरुमा मागभन्दा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. | २२२३२६.१५ |

| सि.नं. | विद्यालयको नाम | माग भएको रकम | निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|
| १ | महेन्द्र मा.वि. | २९१२५३३.०६ | २९४२४९२.०१ | २९९५८.९५ |
| २ | मण्डल देवी विद्यालय | ४४५९९० | ४४६२८४ | २९४.०० |
| ३ | बटुक भैरव प्रा.वि. | १४३६५० | १६१०५० | १७४००.०० |
| ४ | सातकन्या आ.वि. | २८९०६२.८ | २९३०६३ | ४०००.२० |
| ५ | मा.वि.कोगटे | १२४१४८५ | १२८४५१७ | ४३०३२.०० |
| ६ | काली देवी प्रा.वि. | २०८४४१ | ३३६०८२ | १२७६४१.०० |
| **जम्मा** | | | | **२२२३२६.१५** |

| | | |
|---|---|---|
| | **गाउँपालिका चालु** | |
| ६३. | गो.भौ.नं.३४४।२०७६।२।२४ कक्षा ८ को परिक्षा संचालन खर्च वापत रु.९८,३१०।०० खर्च लेखेकोमा परिक्षा मिति २०७५ चैत्र १ देखि १३ गते सम्म संचालन भएकोमा प्रश्नपत्र, मुलकपि, थप कपी, प्राप्तांक छपाई, मार्कलेजर, विद्यार्थी हाजिरी, मार्कसिट पेपर आदी सामाग्री छपाई न्यूलाइट अफसेट प्रेसबाट छपाई गरेको भनि मिति २०७६।१।१० को करबिजकबाट देखिएको तथा उक्त छपाई सामाग्री कार्यालयमा मिति २०७६।१।१० मा आम्दानी बाँधेको दाखिला प्रतिवेदनबाट देखिएकोमा परिक्षा संचालन भैसकेपछि सामान प्राप्त भएको सम्वन्धमा स्पष्ट पारिनु पर्दछ । | |
| ६४. | **स्वीकृत फाराम ढाँचा :** कार्यालयले आर्थिक कारोबारको खर्च तथा भुक्तानी भई सके पश्चात् सो खर्च म.ले.प.फा.नं. १० को ढाँचामा गोश्वारा भौचर उठाउनु पर्ने र सो को बजेट खर्च देखाउने खाता म.ले.प.फा.नं.५ को ढाँचामा बैंक नगदी किताबमा सिलसिलेवार रुपमा इन्द्री गर्नुर्प्ने व्यवस्था भएकोमा गाउँपालिकाले निम्न बजेट उपशीषर्कहरुको बैंक नगदी किताब राखेको छैन । अतः महालेखापरीक्षक कार्यालयबाट स्वीकृत फारामहरु कार्यालयले प्रयोगमा ल्याउनु पर्दछ । | |

| सि.नं. | कार्यक्रमको नाम |
|---|---|
| १ | स्थानीय तह क्षमता विकास कार्यक्रम |
| २ | गरीबसँग विश्वेश्वर कार्यक्रम |
| ३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम |
| ४ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम |

| | | |
|---|---|---|
| ६५. | **धरौटी :** गत बर्षको जिम्मेवारी रु ७३०१०।०० मा यस बर्षको आम्दानी रु ३७५१९१।८१ समेत जम्मा रु ४४८२०१।८१ बाँकी देखिन्छ । सो बाँकी मध्ये गत विगत बर्षको नामनामेसी नखुलेको रु १४६०२०।०० नियमानुसार सदरस्याहा गर्नुपर्दछ । | |
| ६६. | **पेश्की:** प्रदेश ३ आर्थिक कार्यविधि ऐन,२०७४ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई बाँकी रहेको पूँजीगत कार्यक्रम तर्फ नेपाल विद्युत प्राधिकरण हेटौंडा रु ५९९९९६१।०० देखियो । नियमानुसार पेश्की रकम अविलम्ब असूल फछ्र्यौट हुनुपर्ने रु | ५९९९९६१.०० |
| ६७. | **आन्तरिक लेखापरीक्षणबाट औल्याएका व्यहोरहरुः** | |
| | क) व्यवसायी तालिममा स्वीकृत खर्च कार्यविधिमा दैनिक खाना बापत रु २५०।०० उल्लेख भएकोमा दैनिक रु ५००।०० खर्च लेखिएको । | |
| | ख) धरौटी खाताको गोश्वारा खाता पेश नभएको । | |
| | ग) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०० थान हेल्मेट, ज्याकेट लगायतको सामानको खरीद भएकोमा वितरणको भरपाई नभएको । | |
| ६८. | **सम्परीक्षण :** प्रदेश आर्थिक कार्याविधि ऐन, २०७४ को दफा ३५(२) मा कार्यालयले बेरुजू फछ्र्यौट गरि सम्परीक्षणको लागि अनुरोध गर्नु पर्ने व्यवस्था छ । कार्यालयको गत विगतको बेरुजू मध्ये लेखापरीक्षणको क्रममा बेरुजुसँग सम्बन्धित प्रमाण कागजातहरू सलग्न राखी बेरुजू फछ्र्यौट गरि सम्परीक्षण लागि अनुरोध भई आएको प्रमाण कागजात परीक्षण गर्दा व्यहोरा मनासीब देखिएकोले रु ८१८०७९।३७ बेरुजु फछ्र्यौट गरीएको छ । सोको विस्तृत व्यहोरा मिति २०७६।९।११ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएको छ । | |

**अनुसूची- १**

# भिमफेदी गाउँपालिका, मकवानपुरको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश: बागमती** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | भिमफेदी गा.पा. | मकवानपुर | ४८२२८ | ९६९७० | २७८२५ | २८६८८० | ४११६७५ | १६६७५० | २०९७५९ | २५९३० | ४०२४३९ | ५७४६४ |

**अनुसूची– २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मकवान पुर | भिमफेदी गा.पा. | ८० | २६ | ४६७३६ | २ | १३ | ३०२७७ | ७९ | १३ | १६४५९ | ३३२ | ४२०६ | ५९२१ | ० | ० | १०१२७ | ० | ६००० | ६००० |

**अनुसूची - ३**

# अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | भिमफेदी गा.पा. | मकवानपुर | १२०५९ | ८१८ | ११२४१ | ०० | १६४५९ | २७७०० |